# घरेलु स्तरमा रासायनिक मलको गुणस्तर परिक्षण गर्ने विधिहरु

रासायनिक मल गुणस्तरयुक्त छ कि छैन भनेर पत्ता लगाउने मुख्य उपायहहरु प्रयोगशालाहरुमा गरिने वैज्ञानिक परिक्षण हो । तर किसानहरुलाई प्रयोगशालामा लगेर जचाउने सुविधा नभएको अवस्थामा गुणस्तरयुक्त मल चिन्ने केहि घरेलु विधिहरु यहाँ उल्लेख गरिएका छन् ।

## युरिया (Urea)

⇒ सेतो, चम्किला, उत्रै उत्रै आकारका गोलाकार दाना हुनु पर्दछ ।

⇒ छुँदा चिसो अनुभव हुनु पर्दछ ।

⇒ तातो हावामा राख्दा पहेंलो पन आउनु पर्दछ र
आँच बढाएपछि तावामा केहि बाँकी नरही उडेर जानु पर्दछ ।

⇒ पानीमा घोल्दा युरिया पुरै घुल्नु पर्दछ,
केहि पनि थिग्रिनु वा उत्रिनु हुँदैन ।



## डि.ए.पी. (D.A.P)

⇒ दानादार खैरो, कालो, बदामी रङ्ग हुनु पर्दछ ।

⇒ केही दानालाई हातमा लिएर खैनी जस्तो चुनासित माड्दा
सुघ्नै नसकिने पीरो गन्ध आउनु पर्दछ ।

⇒ हल्का आँचमा तावामा तताउँदा गुणस्तर युक्त
डि.ए.पी. का दाना फुल्नु पर्दछ ।



## म्यूरेट अफ पोटास (M.O.P)

⇒ मलका दानाहरु भिजाउँदा आपसमा टाँसिनु हुँदैन ।

⇒ पानीमा घोल्दा मलको रातो भाग पानीमा तैरिनु पर्दछ ।



**साभार**
**कृषि सामग्री आपूर्ति व्यवस्था सम्वन्धी पुस्तिका आ.व. २०६९/७०**

**रत्ननगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल